आज मिति २०७६ फागुन ०७ गते बुधबार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**<u>उपस्थितिः</u>**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री कृष्णप्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत |

**<u>एजेण्डाः</u>**

१. नगरपालिका स्थापना दिवस सम्बन्धमा ।
२. विविध ।

**निर्णय नं. १ नगरपालिका स्थापन दिवस सम्बनधमाः** छलफल हुँदा यस गोदावरी नगरपालिकाको चौथो स्थापना दिवस मिति २०७६ फागुन २७ गते सँस्कृतिविद सत्यमोहन जोशीको प्रमुख आतिथ्य तथा बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फुयालको विशेष आतिथ्यमा मनाउने र सो कार्यक्रमको लागि देहाय बमोजिम समितिहरू गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

**पूर्व तयारी तथा व्यवस्थापन समितिः**

श्री भाष्कर थापा वडाध्याक्ष वडा नं. १३ - संयोजक
श्री जगत बहादुर महर्जन वडाध्याक्ष वडा नं. १२ - सदस्य
श्री जगनाथ महर्जन वडाध्याक्ष वडा नं. १४ - सदस्य

**पुरस्कार तथा सम्मान समितिः**

श्री मुना अधिकारी नगर उपप्रमुख - संयोजक
श्री देवेन्द्र कुमार बस्नेत वडाध्याक्ष वडा नं. २ - सदस्य
श्री मिलन सिल्वाल वडाध्याक्ष वडा नं. ५ - सदस्य
श्री कृष्ण प्रसाद जैसी प्रमुख प्रशासकीय अधिकृत - सदस्य

**निर्यय नं. २ विविध**

२.१. यस नगरपालिकाको कार्यालय र नगरपालिका अन्तर्गत वडा नं. १० र ११ वडा कार्यालयलाई विपक्षी बनाई दयाराम महर्जन समेतले दिएको निवेदन उपर सम्मानित सर्वोच्च अदालतको उत्प्रेषण आदेश नं. ०७६-W0-०६५९ को यस नगरपालिका कार्यालयबाट गर्नुपर्ने लिखित जवाफ पेश गरी मुद्दाको कारवाही किनारा गर्नको लागि यस गोदावरी नगरपालिकामा कानूनी सहजकर्ताका रुपमा कार्यरत श्री जिविका श्रेष्ठलाई अख्तियारी दिने निर्णय गरियो ।

२.२. भिजिट नेपाल २०२० को अवसरमा मिति २०७६ चैत्र ३० गतेदेखि २०७७ वैशाख ०४ गतेसम्म गोदावरी महोत्सव सञ्चालन गर्ने भनी विगतका कार्यपालिका बैठकबाट निर्णय भए अनुसार उक्त महोत्सव सञ्चालन एवं सम्पन्न गर्नका लागि गोदावरी उद्योग वाणिज्य संघ ललितपुरलाई कार्यक्रम सम्पन्न पश्चात बिल भरपाई आवश्यक आय-व्यव विवरण नगरपालिका कार्यालयमा पेश गर्ने र सबै जिम्मेवारी गोदावरी उद्योग वाणिज्य संघकै हुनेगरी भैपरी आउने कार्यक्रमहरू उपशीर्षकबाट अनुदान स्वरुप रू.२०,००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

२.३. काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट यस गोदावरी नगरपालिकाको नाममा ७०० कित्ता शेयर लिने निर्णय गरियो ।

२.४. यस गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को बार्षिक खरिद कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

२.५. यस गोदावरी नगरपालिकाको निर्माणाधिन प्रशासकीय भवनको निर्माण व्यवसायी तुलसी भक्त ड्रागन जे.भी.ले Price Adjustment को भुक्तानी पाउँ भनी दिएको निवदेन उपर रुजु गर्दा रकम रू.१५,४३,६४३।०५ देखिएकोले सो भुक्तानी दिने निर्णय गरियो ।

२.६. यस कार्यालयबाट दोश्रो पटक प्रकाशित सूचना मिति २०७६/०९/०७ गते नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचनानुसार दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरूमध्ये बोलपत्र मूल्याङ्कन समितिको मिति २०७६/१०/०३ को निर्णयानुसार तपसिलमा उल्लेखित सिलबन्दी बोलपत्र फारामहरु मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले तपसिल बमोजिमका बोलपत्र स्वीकृत गरी सम्झौता गर्नको लागि स्वीकृति दिने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | निर्माण व्यवसायीको नाम | कार्यविवरण/ठेक्का नं | स्वीकृत न्यूनतम ठेक्का रकम रू. | स्वीकृत न्यूनतम ठेक्का रकम रू.(भ्याट समेत) | बोलकबोल रकम रू. ( भ्याट समेत) | घटी/ बढी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | श्री लाली गुराँस निर्माण सेवा, ललितपुर | आन्तरिक आयः- गोदावरी नगरपालिका वडा नं. १० साबिक चापागाउँ ६क२ कि.नं. १६४ मा अन्तराष्ट्रिय मापदण्डको बहुउद्देश्यीय रङ्गशाला (Stadium) खेलकुद मैदान निर्माणाधिन स्थलमा उत्खनन भई सङ्कलित ढुङ्गा बिक्री गर्ने सम्बन्धी (करिब ४५०० घन मिटर परिमाण नगरपालिकाले तोकिएको स्थान) | २५००००० | २८२५००० | २८२५००० | |

२.७. मिति २०७६ कार्तिक ०७ गतेको कार्यपालिका बैठकको निर्णय नं. **२. विविधः** २.१. मा आर्थिक वर्ष ०७५/०७६ मा संचालित MTMP अन्तर्गतका बाटोहरू लगायत देहायका बाटोहरू स्तरीकरणका लागि देहाय बमोजिम सि.नं. २१७ सडक स्तरोन्नती शिर्षकबाट बजेट विनियोजन गरी कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**<u>तपसिल</u>**

**<u>गत आर्थिक वर्षका क्रमागत</u>**

१) धापाखेलबाट झरूवारासी डाडागाउँ न्यौपाने गाउँ सडक वडा नं. १३ र १० को लागि रू. ५००००००/- (पचास लाख)

२) तल्लो बुरून्चुली हुँदै देउराली सडक वडा नं. ७ को लागि रू.५००००००/- (पचास लाख)

३) कुश्लेचौर-चापागाउँ-छम्पी- डुकुछाप सडकको लागि रू.५००००००/- (पचास लाख)

४) चापागाउँ -लेले भन्ज्याङ्ग सडक वडा नं. ५, ६ र १० को लागि रू.५००००००/- (पचास लाख)

५) टौखेल-लेलिनथोक-कोटटार-पौडोल सडक वडा नं. ३ को लागि रू.५००००००/- (पचास लाख)

६) घट्टेकुलो हुँदै ग्वालिन्दह सडक वडा नं. ४ को लागि रू.५००००००/- (पचास लाख)

**<u>नयाँ बाटोहरूमा</u>**

१) नयाँबाटो (किटिनी)बाट डल्फिन स्कूल (महादेव डाँडा) सम्म वडा नं. ३ र २ सडकको लागि रू.५००००००/- (पचास लाख)

२) झ्यालपाटी -नक्खु-मलामी बाटो सडकको लागि रू.५००००००/- (पचास लाख)

३) बज्रवाराही -भरूवारासी -ठेचो सडकको लागि रू.५००००००/- (पचास लाख)

४) लेले भन्ज्याङ्ग सडकको लागि रू.५००००००/- (पचास लाख)

भनी निर्णय भएकोमा उपरोक्त सि.नं. २१७ सडक स्तरोन्नती उपशीर्षकमा विनियोजन भएको रकम रू.५ करोड आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रम निर्माणको क्रममा बजेट पुस्तिका र सुत्र सफट्वयरमा शीर्षक तथा बजेट रकम प्रविष्टिमा फरक परी बजेट पुस्तिकामा सो सडक स्तरोन्नती उपशिर्षकमा विनियोजन भएको रकम सुत्र सफट्वयरमा पूँजीगत सुधार सार्वजनिक निर्माण उपशीर्षकमा प्रविष्टि भएकोले उपरोक्त सबै उपशीर्षकको योजना तथा कार्यक्रमहरू सोही सुत्र सफट्वयरमा प्रविष्टि भएको शीर्षक/उपशीर्षक बमोजिम नै कार्यान्वयन गरी भुक्तानी दिने निर्णय गरियो ।

२.८. यस नगरपालिका कार्यालयको सञ्चित पूँजीगत तथा चालू कोषको खाता नयाँ सरुवा भई आउनु भएका लेखा अधिकृति शिला खनाल र प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद जैसीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेगरी निर्णय गरियो ।